चन्द्रनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही
प्रदेश नं. २, नेपाल

प.सं.: २०७८/७९ मिति: २०७८/४/२४
च.नं.:

## प्रेस विज्ञप्ति

आर्थिक वर्ष २०७७/७८ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत चन्द्रनगर गाउँपालिका वडा नं. १ स्थित रामवृक्षको घर देखि भैसियाहीसम्मको सडक स्तोरन्नती कार्य गर्ने स्वीकृत योजनाको नियमानुसार उपभोक्ता भेलाबाट उपभोक्ता समिति गठन भई रामवृक्षको घर देखि बेचन पासवानको घर हुँदै भैसियाही खोलासम्मको सडकको स्तोरन्नती कार्य सम्पन्न भई अन्तिम भुक्तानी भएको थियो । केही सञ्चार माध्यमले उक्त सडक स्तोरन्नतीको विषयमा सडक स्तोरन्नतीको कार्य नै नगरी विनियोजित रकम हिनामिना गरेको भन्ने एकपक्षिय समाचार सम्प्रेषन भएको विषयले हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । सर्व प्रथम ति नियोजित रुपमा श्रृंखलाबद्ध रुपमा गरिएको प्रचार प्रसारमा कुनै सत्यता नरहेको स्पष्ट पार्न चाहन्छु ।

चन्द्रनगर गाउँपालिकाले राष्ट्रव्यापि बनाएको पहिचान, गाउँवासीबाट प्राप्त स्नेह, सद्भाव, सहयोगलाई धुमिल पार्ने कुचेष्टाका साथ यस प्रकारको अनर्गल प्रचार भैरहेको छ भन्ने कुरा विना तथ्य, प्रमाणको आधारमा एकपक्षिय गरिएको समाचार सम्प्रेक्षणबाट नै प्रमाणित हुन्छ । हचुवाको भरमा गाउँपालिकाको प्रतिष्ठामा आँच आउने गरी गरिएको समाचार सम्प्रेक्षण प्रति सचेत रहन सम्पूर्ण गाउँवासीमा अनुरोध गर्दछु ।

यस सन्दर्भमा चन्द्रनगर गाउँपालिकाबाट वडा नं. १ अन्तर्गत रामवृक्षको घर देखि भैसियाही खोला जोड्ने विभिन्न सडकहरु मध्ये एउटा सडकको स्तोरन्नती गर्ने कार्य आ.वा. २०७७/७८ मा सम्पन्न भई भुक्तानी समेत भएको र चालु आ.व.मा समेत गाउँपालिकाको वार्षिक कार्यक्रममा वाँकी सडकहरुको स्तोरन्नती गर्ने योजना स्वीकृत भएकोले ती सडकहरु यही आ.व.मा नै स्तोरन्नती हुने व्यहोरा जानकारी गराउँदै यस प्रकारका प्रकाशित समाचारले गाउँवासीमा पर्न गएको नकारात्मक सन्देश प्रति गाउँपालिका दु:ख व्यक्त गर्दछ ।

महेन्द्र महतो
गाउँपालिका अध्यक्ष